सिमभञ्ज्याङमा बुद्धको मुर्ति स्थापना । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१६, अंक-४६ ● २०८१ जेठ १४ गते सोमबार, ● 27 May, 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## ३ विधामा ५ जनालाई 'थाहा पदक'बाट विभूषित

◆ विकास संवाददाता

थाहा नगरपालिकाले आफ्नो १० औं स्थापना दिवसको अवसरमा विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका तीन विधामा ५ जनालाई 'थाहा पदक'बाट विभूषित गरेको छ । ९ जेठमा एक पालुङ जेसीज सभाहलमा आयोजित शुभकामना आदान प्रदान कार्यक्रमको अवसरमा भिन्दा भिन्दै क्षेत्रमा योगदान दिएको मूल्याङ्कनसहित नगरपालिकाले पदकबाट सम्मानसहित विभुषित गरेको हो ।

'थाहा सेवा पदक'बाट थाहा नगरपालिकाका प्रथम नगर प्रमुख लवशेर विष्ट र प्रथम नगर उपप्रमुख खड्ग गोपालीलाई पदकसहित विभुषण गरिएको छ । नगरपालिकाको विकास र सम्वृद्धिका लागि योगदान पुऱ्याएको मूल्याङ्कनसहित नगर प्रमुख विष्णु बहादुर विष्टले दुवै जनालाई चाँदीको पदक र विभुषण गरिएको हो । कार्यक्रममा थाहा 'आर्थिक समृद्धि पदक'बाट पर्यटन व्यवसायी अर्जुन सिंह ठकुरी र किसान श्याम विष्ट विभुषित भएका छन् । आफ्नै ठाउँमा रहेर पर्यटन र कृषि क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएको मूल्याङ्कनसहित ठकुरी र विष्टलाई नगरपालिकाले पदकसहित सम्मान पनि गरेको छ ।

त्यसैगरी 'थाहा संस्कृति तारा पदक'बाट थाहा नगरपालिका वडा नम्बर ६ बज्रवाराहीका अजिमा मन्दिरका मुल

बाँकी पेज ६ मा

## दामनमा विश्वमै दुर्लभ सूचीमा रहेको गुराँस भेटियो

विकास संवाददाता
थाहानगर

विश्वमै दुर्लभ सूचीमा रहेको गुराँस प्रजातिको 'चिमाल' मकवानपुरको दामनमा फेला परेको छ । नेपालको इलाम जिल्ला माइपोखरी क्षेत्रमा मात्र देखा परेको यो चिमाल मकवानपुरको दामनमा फेला परेको हो । 'करिब १५ वर्ष अघि नेपालका लेकाली क्षेत्रहरूमा चिमालको अध्ययनको क्रममा इलाम बाहेक अन्य जिल्लामा देखिएको थिएन, दोस्रो जिल्ला मकवानपुरको दामनमा देखियो'–वनस्पती विज्ञ रघुराम पराजुलीले भने । उनी भन्छन्– 'तपाइहरूले पठाउनु भएको फोटो र गर्नुभएको कुराकानीको आधारमा यो दुर्लभ वनस्पती चिमाल नै हो, अझ म फिल्डमै आएको बेला हेरेर थप जानकारी दिन सक्ने भएँ ।' नेपालमा चिमालको सन् २००९ मा अध्ययन भएको थियो ।



थाहा नगरपालिका वडा नम्बर ४ को महांकाल सामुदायिक वन क्षेत्रमा भेटिएको उक्त चिमालको रूखको संख्या निकै कम रहेको छ । केही वर्ष अघिबाट मात्र आफूले उक्त चिमाल अर्थात गुराँस फुलीरहेको देखेको करूणाभूमि सामुदायिक वन थाहा-४ का अध्यक्ष बिनोद लामाले जानकारी दिए । अध्यक्ष लामाको अनुरोधमा स्थानीय पत्रकार तथा फोटो पत्रकारहरू उक्त गुराँस अवलोकन गर्न सामुदायिक वन क्षेत्रमा पुगेका थिए ।

अध्ययन अनुसार कतिपय स्थानमा यसलाई लहरे चिमाल गुराँस समेत भनिने गरिएको छ । पूर्वी हिमालय क्षेत्रमा यसको सर्वप्रथम पहिचान गरिएको अध्ययनहरूले देखाएको छ । उक्त क्षेत्र भनेको हालको सिक्किम हो । यो प्रजातीको गुराँस एक एपिफाइट हो, सामान्यतया रूख, चट्टान र ढुङ्गाहरूमा पाइन्छ । हिमालयको तल्लो भागहरूमा ५ हजारदेखि ९ हजार फीटको उचाइमा पाइने चिमाल तिब्बत, भुटान, नेपाल र उत्तरपूर्वी भारतको दक्षिणी सिमानामा, विशेष गरी अरूणाचल प्रदेशमा पाइने अभिलेखहरू भेटिएको छ ।



वयस्क बिरूवाहरूमा, पातहरू ३ देखि ८ इन्च लम्बाइ र ३ इन्च चौडा हुन्छन् । फूलहरूको रङ सेतो देखि क्रिम, फिक्का पहैंलो, वा पहैंलो गुलाबीसम्म फरक फरक हुन्छ । फूलहरूमा मन्द कागतीको सुगन्ध आउने गर्दछ । यसको वास्नाले मात लाग्ने इलामका स्थानीयहरूले भन्ने गरेको अनुभव विज्ञ पराजुलीले सुनाए । चैत लागेसँगै हिमाली क्षेत्रका वन गुराँसका प्रजाति (चिमाल) ले रंगीन फुल्ने गरेको सुनेको भएपनि दामन क्षेत्रमा अन्य गुराँस फुलीसकेपछि अन्तिममा यो फुल्ने गरेको अध्यक्ष लामा बताउँछन् । केही वर्षदेखि मैले ख्याल गरिरहेको छु, स्थानीयहरूलाई यसबारेमा पत्तै नभएको लामाको भनाइ छ ।

सीमित संख्यामा रहेको चिमाल पछिल्लो समय संकटमा पर्दै गएकाले संरक्षण गर्नुपरेको जिल्ला वनस्पति कार्यालय मकवानपुरले जनाएको छ । चिमालको कटिङबाट पनि विरूवा उत्पादन गर्न सकिने पराजुलीले बताए । चिमालको फूल स्थानीयहरूले औषधिको रूपमा समेत प्रयोग गर्दै आएको पाइन्छ । गुराँस पूर्वी पहाडी क्षेत्रमा बढि पाइन्छ भने पश्चिम नेपालतर्फ क्रमशः कम हुँदै गएको भेटिन्छ । नेपालमा ३२ थरीका गुराँस पाइन्छन्। नेपालका ४३ जिल्लामा थरीथरीका गुराँस फुल्ने गरेको एक अध्ययनले देखाएको छ ।

## इन्द्रसरोवर र थाहानगरको बेरूजू जिल्लामै सबैभन्दा कम



◆ विकास संवाददाता

मकवानपुर जिल्लामै सबैभन्दा कम बेरूजू भएको पालिका इन्द्रसरोवर भएको छ । महालेखा परीक्षकको कार्यालयले १३ जेठमा राष्ट्रपतिलाई बुझाएको ६१ औं प्रतिवेदनमा यस्तो पाइएको हो ।

इन्द्रसरोवर गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को बेरूजू ०.२४ प्रतिशत मात्र कायम भएको छ । इन्द्रसरोवरपछि थाहा नगरपालिकाको बेरूजू ०.६३ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ । मकवानपुरमा सबैभन्दा बढि बेरूजू बकैया गाउँपालिकाको रहेको छ । बकैयाको कुल लेखापरीक्षण रकमको २.९३ प्रतिशत बेरूजू कायम भएको छ ।

मकवानपुरमा हेटौंडा उपमहानगर पालिकाको १.८८ प्रतिशत, कैलाश गाउँपालिकाको १.४७ प्रतिशत, भीमफेदीको १.१३ प्रतिशत, मकवानपुर गढीको ०.७८ प्रतिशत, मनहरीको १.४२ प्रतिशत, राक्सिराङको १.५० र बागमती गाउँपालिकाको २.११ प्रतिशत बेरूजू कायम भएको प्रतिवेदनमा उल्लेख छ ।

यो प्रतिवेदनमा उल्लेख भएको बेरूजू आर्थिक वर्ष २०७९/०८० को मात्र हो । पालिका अनुसारको विस्तृत लेखापरीक्षण प्रतिवेदन हालसम्म महालेखापरीक्षकको कार्यालयले वेवसाइटमा अद्यावधिक गरिसकेको छैन ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

## • सम्पादकीय •

### सकारात्मक छ, श्रमाधान रोजगार मेला

नेपाल सरकारले सातै प्रदेशमा सञ्चालन हुने गरी रोजगार मेलाको आयोजना गर्ने भएको छ । श्रमसँग सम्बन्धित समस्यालाई एकैथलोबाट समाधान गर्ने उद्देश्यले मेलालाई सरकारले श्रमाधान रोजगार मेला भनेको छ । जेठ १७ गते कोशीबाट शुरु हुने यो मेला यो महिनाभरि सातै प्रदेशमा सञ्चालन गर्ने भनिएको छ । श्रम बजारलाई सहज बनाउन र श्रमसँग सम्बन्धित समस्या समाधान गर्ने भनिएको यो मेला रोजगारी सिर्जना गर्न कति सफल हुन्छ, अहिले नै ठोकुवा नै गर्न नसकिए पनि केही नगर्नुभन्दा यो देशब्यापी नयाँ अवसरको खोजी गर्न थालिएको पहललाई सकारात्मक नै मान्नुपर्छ । नेपालमा बेरोजगारीको अवस्था भयावह नै छ । देशभित्रै रोजगारी प्राप्त गर्न चाहने युवाहरुले सहज रोजगारी प्राप्त गर्न सकिरहेका छैनन् किनकि रोजगारीका अवसर सिर्जना गर्न उत्पादन र उत्पादकत्व बृद्धि गर्नुपर्ने हुन्छ, जसको अवस्था निकै कमजोर छ । पछिल्ला वर्षहरुमा लाखौं युवाहरु वैदेशिक रोजगारीमा गएर पठाएको विप्रेषणले अर्थतन्त्र चलायमान भएको छ । झण्डै मुलुकको वार्षिक बजेट जति नै विप्रेषणबाट रकम भित्रिने गरेको छ, जसले सम्बन्धित परिवारको आवश्यक खर्च टरेको छ भने यो रकम बजारमा आउँदा अर्थतन्त्र पनि चलायमान बनेको छ ।

नेपालमा रोजगारी र स्वरोजगारीको अवस्था कमजोर रहेको तथ्यांकबाट नै देखिने गरेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार ५५.३ प्रतिशत नेपाली आफ्नै काममा संलग्न हुने गरेको पाइएको छ भने २८ प्रतिशतले अरुको काम गर्ने गरेका छन् । जसले आफ्नै काम गरिरहेका छन्, उनीहरु स्वरोजगारभन्दा पनि बेरोजगार नै छन् किनकि उनीहरु आफैले गरेको उत्पादनबाट वर्ष दिन खान पनि पुग्दैन । तथ्यांक एउटा कुरा भयो, हाम्रो जीवन व्यवहारबाट पनि के देखिने गरेको छ भने नेपालमा रोजगारीका अवसरहरु कम छन् । रोजगारीका अवसर सिर्जना गर्न उत्पादन र उत्पादकत्व वृद्धि अनिवार्य शर्त हो । त्यसका लागि ज्ञान, पूँजी, सीप र प्राविधिक क्षमताको संयोजन जरुरी हुन्छ । यी आधारभूत सवालको खोजी गर्ने सन्दर्भमा यस्ता रोजगार मेलाहरु सहयोगी बन्नसक्छन् किनभने यसले उत्पादन वृद्धि, बजार प्रवर्द्धन र रोजगारीको अवसरहरुको श्रृंखला अघि बढाउन स्थानीयस्तरसम्म बहसको सिर्जना गर्दछ । सरकारले हरेक वर्ष नीति तथा कार्यक्रम र बजेटमा उत्पादन वृद्धि र रोजगारी सिर्जनाका कार्यक्रम ल्याउने गरेको छ तर कार्यान्वयन तहमा पुग्दा परिणाम सकारात्मक आउने गरेको छैन । आगामी आर्थिक वर्षको बजेटमार्फत पनि सरकारले रोजगार बैंकको अवधारणा अघि सारेको छ तर यसको पनि कार्यान्वयनमा विश्वस्त हुने अवस्था छैन किनकि यसअघि बनेका नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन देखिएन । सरकारले एउटा राम्रो प्रयास यसपटक के थालेको छ भने आर्थिक विकासका लागि रुपान्तरणकारी क्षेत्रको पहिचान गरेको छ । कृषि, जलस्रोत, पर्यटन, उद्योग र सूचना प्रविधिलाई रुपान्तरणकारी क्षेत्रको रुपमा परिभाषित गरेको छ ।

अब यी क्षेत्रमा गरिने लगानीले नै उत्पादन र उत्पादकत्व वृद्धि गर्दै रोजगारीका अवसर सिर्जना गर्न सकिनेछ । नेपालका लागि अर्को महत्वपूर्ण क्षेत्र वैदेशिक रोजगारी हो । सधैं वैदेशिक रोजगारीलाई जोड दिनु मुलुकका लागि घातक हुने भए पनि अहिलेका लागि यो बाध्यता हो । त्यसैले जतिसक्यो धेरै गन्तव्य मुलुकको खोजी गर्ने, वैदेशिक रोजगारीलाई सुरक्षित बनाउने, विप्रेषण सदुपयोगको नीति निर्माण गर्ने र विदेशबाट फर्केका नेपालीहरुको सोच, श्रम, सीप र देशभित्रै केही गरेर बस्ने चाहनालाई प्रोत्साहन गर्दै उत्पादनमा जोड्ने कार्यक्रम अघि बढाउनुपर्छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# अधुरो शिक्षा अपूरो जीवन



◆ देवीप्रसाद आचार्य

१२ छोरा, १३ नाति बूढाको धोक्रो काँधै माथि भन्ने उक्ति नेपाली समाजमा चरितार्थ भएको छ । छोराछारीहरूलाई पढाएर जीवनको उत्तरकालीन समयमा सन्तानहरूको सहारा मिल्ला भन्ने सोचाइ अब व्यावहारिक जीवनमा असम्भव प्रायः बन्दै गइरहेको छ । छोराले पढ्यो, छोरीले पढी, अथवा सन्तान शिक्षित भए । पढेकै कारणले उनीहरू विदेश गए । अहिले ग्रामीण क्षेत्र होस् कि, सहरी क्षेत्र, प्रायः परिवारका सदस्यहरू विदेशमा छन् । घर परिवारबाट सन्तानहरू टाढिनुका पछाडि एउटा कारण अहिलेको अव्यावहारिक शिक्षा प्रणाली हो । शिक्षा रोजगारमूलक हुन नसक्दा गाउँका विद्यालयहरूमा पढिसक्दा शिक्षित छोराछोरीले व्यावसायिक रूपमा केही पनि काम गर्न नसक्ने भएपछि रोजगारीका लागि विदेश गए ।

हरेक आमाबुवाले आफ्ना सन्तानहरूलाई जन्म दिएर शिक्षा दिक्षा विवाह आदि इत्यादिको व्यवस्थापन गर्ने बुवाआमाहरू पढेका छोराछोरीहरूबाट टाढिएका छन् । ऋण खोजेर विद्यालय तथा युनिभर्सिटीहरू रोजीछानी पढाएका छोराछोरीहरू बेरोजगार भए, घरमा बसेनन् । शिक्षितहरूले वुवाआमाको पेसा अपनाएनन् । नेपालमा ६० प्रतिशत मानिसहरू कृषि पेसामा संलग्न छन् । यी किसान परिवारका छोराछोरीले कृषि पेसा अपनाएनन् । 'अबगकभ, विद्यालय वा विश्वविद्यालयहरूबाट आर्जन गरेको शिक्षामा कृषि पेसासम्बन्धी केही पनि ज्ञान वा सीप सिक्न सकेनन् । यसैगरी, व्यापारी घरानाका भए उद्योगी बन्न सकेनन् । अथवा, हरेक जातजातिका मानिसले अपनाएका परम्परागत पेसालाई आधुनिकीकरण गर्नसक्ने ज्ञान तथा सीप नभएको शिक्षा अधुरो हुन्छ, अपूरो हुन्छ । शिक्षा अपूरो भएपछि शिक्षितहरूको जीवन सामाजिक, आर्थिक एवं पारिवारिक रूपमा अपूर्ण भएको छ ।

शिक्षाले व्यक्तिलाई सभ्य, सुसंस्कृत, सरल बनाउन मद्दत गर्नुपर्छ । रूसोको भनाइमा शिक्षाको एउटा महत्वपूर्ण कार्य आचरण निर्माण गर्नु हो, भन्ने छ । अहिले समाजमा नैतिकवान्, कर्तव्यनिष्ठ, सरल, सभ्य तथा सहयोगी नागरिकको अभाव हुँदै गएको छ । नयाँ शिक्षित पुस्ता पाश्चात्य चालचलन, संस्कृति एवं संस्कार हरूप्रति आकर्षक भएको अवस्था छ । पारिवारिक विखण्डन, सम्बन्ध विच्छेद, ज्येष्ठ नागरिकहरू उपेक्षित हुने, ठगी, बेइमानी, दलालीजस्ता कुराहरू समाजमा व्याप्त छन् । आपसी एकता खलबलिएको छ । परोपकारी भावना ओरालो लाग्दै गरेको अग्रजहरूको बुझाइ छ । दृष्टिकोणबाट हेर्दा शिक्षा अधुरो भएन र ? शिक्षाले किन असल आचरण सिकाउन सकेन ? यसरी आचरण निर्माणका दृष्टिकोणबाट हेर्दा पनि शिक्षा अधुरो देखिन्छ ।

फ्रान्सेली प्रसिद्ध समाजशास्त्री दुर्खिमका अनुसार समाज शिक्षाबाट अलग र शिक्षा समाजबाट अलग हुनसक्दैन, भन्ने छ । यसको अर्थ समाजका हरेक पक्षसँग शिक्षाको सम्बन्ध गाँसिएको हुन्छ भन्ने हो । समाज निर्माण हुनका लागि हरेक परिवारका मानिसहरू असल, कर्मशील, इमानदार, नैतिकवान्, सांस्कारिक तथा सहिष्णु भएमा मात्र घरपरिवार अनुशासित हुन्छ । समाजका हरेक व्यक्ति इमानदार तथा परोपकारी भएपछि मात्र असल समाजको निर्माण हुन्छ ।

मुलुकका हरेक क्षेत्रमा काम गर्ने राष्ट्र सेवक, निजी क्षेत्र, वित्तीय संस्था, व्यापार, उद्योग आदि इत्यादि ठाउँहरूमा संलग्न व्यक्ति एवं व्यक्तित्वहरू मुलुकका शिक्षा प्रणालीका उत्पादन हुन् । आज उल्लिखित क्षेत्रहरू आलोचित छन् । राजनीतिक क्षेत्रको गैरजिम्मेवार हरकतले समाज उँभो लाग्नसकेको छैन । प्रशासनतन्त्रमा व्याप्त भ्रष्टाचार हुनेगरेका समाचारहरू आइरहेका छन् । सार्वजनिक सेवाप्रवाह सन्तोषजनक छैन । वित्तीय संस्थाहरूको अवस्था उस्तै छ । पछिल्लो समयमा सहकारीहरूबाट जनतालाई ठग्ने काम देशव्यापी रूपमा भइरहेको छ । शिक्षा क्षेत्र अस्तव्यस्त छ । सरकारी शिक्षालयहरूको कुरा गर्दा गुरूजनहरूको काम, कर्तव्य र शिक्षण सीपका 'दयगतमा आलोचना व्याप्त छ । दलाली, तस्करी बिचौलियाजस्ता कामहरूबाट ठग्ने र ठगिनेहरूको संख्या दिन प्रतिदिन बढेको बढ्यै छ । यसरी हेर्दा इमानदार, कर्तव्यनिष्ठ तथा अनुशासित नागरिक उत्पादन गर्न शिक्षा अपूरो भएन त ?

त्यसो त माथि उल्लिखित क्षेत्रका सम्पूर्ण नागरिकहरू कर्तव्यनिष्ठ छैनन् भन्न खोजिएको होइन । समाजमा असल व्यक्तिहरू पनि छन् । त्यसैले त समाज चलेको छ । तथापि, समग्रमा समाजको चित्र र शिक्षितहरूको चरित्र तथा कार्यशैली हेर्दा कतै हाम्रो शिक्षामा नैतिकता, इमानदारिता तथा देशप्रेमको भावना सिकाउनसक्ने पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण सिकाइ अधुरो त भएन भन्ने गम्भीर प्रश्नहरू उठेका छन् ।

शिक्षाले शिक्षित नागरिकहरूमा स्वदेशीपन, राष्ट्रिय भावनाको जागरण, देशप्रेम, तथा मातृभूमिप्रतिको कर्तव्यबोध गराउनुपर्छ । राष्ट्रियता शब्दले राष्ट्रका समग्र पक्षसँग अन्तरहृदयदेखि नै भावनात्मक सम्बन्ध भएको व्यक्ति वा समाजको सम्बन्ध दर्शाउँछ । देशप्रेम भूगोलसँगको साइनो मात्र होइन, भूगोलभित्रको विविधतासँगको पनि नाता हो । यो नातालाई राष्ट्रियता भनिन्छ । राष्ट्रियताको दृष्टिकोणबाट हेर्दा शिक्षाले शिक्षितहरूको हृदयमा 'जननी जन्मभूमिश्च स्वर्गदपि गरियसी'को गहिरो प्रभाव पार्न सक्नुपर्छ । यसो हुन सकेको अवस्था छैन । युवाहरूको रोजाइ स्वदेशभन्दा विदेश भइरहेको अवस्था छ । शिक्षित जनशक्तिमा विदेश पलायन चिन्तनको विकास हुनु डरलाग्दो भविष्यको संकेत हो ।

राज्यले शिक्षामा ठूलो धनराशि खर्च गरिरहेको छ । पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू पनि संशोधन, परिमार्जन तथा परिवर्तन भइरहेको छ । तथापि, शिक्षा अधुरो भयो । शिक्षित व्यक्तिले आपूुले अध्ययन गरेको शिक्षाबाट कामकाजी बन्न सकेन । गफ गर्न सिकाउने शिक्षाले व्यावसायिक दक्षता दिनसक्दैन । रोजगारी र शिक्षाको सबन्ध जोड्ने शिक्षा आजको आवश्यकता हो । अहिले राष्ट्रिय वातावरण सकारात्मक बन्न सकेन । यसको प्रभाव विद्यालय पढ्न विद्यार्थीहरू प्लस टु पढेपछि विदेश जाने मनोविज्ञानमा छन् । किन यसो भइरहेको छ ? शिक्षितहरूले किन स्वदेशलाई कर्मथलो बनाउन सकेनन् ? किन मुलुकभित्रै उज्वल भविष्य देख्न सकेनन् ? यसका 'दयगतमा राज्यले कहिले सोच्ने ? यसरी हेर्दा शिक्षा क्षेत्रको मार्गचित्र बनाउने कार्ययोजना नै अधुरो देखिन्छ, अपूरो छ । शिक्षा आयआर्जनमा नजोडिएपछि शिक्षितहरूको जीवन आर्थिक रूपमा कसरी पूर्ण हुन्छ ? हुँदैन ।

शिक्षाका अनेक कार्यहरूमध्ये एउटा महत्वपूर्ण पक्ष खोज, अनुसन्धान उत्खनन र अन्वेषणको क्षेत्र हो । विज्ञानको क्षेत्रमा शिक्षा अधुरो मात्र होइन, असफल छ । मुलुकमा रहेको प्राकृतिक स्रोत र साधनहरूको पहिचान, अनुसन्धान, अन्वेषण एवं उपयोग गर्नसक्ने वैज्ञानिक ज्ञान तथा सीप भएका नागरिकहरू उत्पादन गर्नु शिक्षाको कार्य हो । तर, यसो हुनसकेको छैन । शिक्षितहरूले आफूले अध्ययन गरेका शिक्षालय वरिपरि रहेका प्राकृतिक स्रोत र साधनहरूको पहिचान गर्नसक्ने शिक्षाको अभाव छ । जसको कारण जडीबुटीहरू जंगलमा नै अलपत्र परेका छन् । मुलुकमा भएको प्राकृतिक संसाधन जल, जमिन होस् कि जंगल, कुनै पनि क्षेत्रको उपयोग हुनसकेको छैन । विज्ञान शिक्षालाई कण्ठस्त गर्न लगाउने, न्यूटन, आइन्सटाइन, ग्यालिलियो, थोमस इडिसन, चार्ल्स डार्बिनलगायतका वैज्ञानिकहरूको जीवनी घोकाउने र उनीहरूका सिद्धान्तहरू परीक्षामा लेख्न लगाउने शिक्षा कसरी अनुसन्धानमुखी बन्नसक्छ ?

नेपाल कृषिप्रधान मुलुक हो । कृषिप्रधान मुलुकका शिक्षालयहरू कृषि शिक्षाबाट बेखबर छन् । पशुपालनको क्षेत्र र शिक्षाको सम्बन्ध अत्यन्त कमजोर छ । कृषि क्षेत्रलाई मुलुकको जैविक विविधतामा आधारित खेती गर्ने वैज्ञानिक तरिकाको पठनपाठन भएको भए विद्यालय शिक्षा पछाडि उच्चशिक्षा हासिल गर्न असमर्थ भएको शिक्षित जनशक्ति र उच्चशिक्षा अध्ययन पछाडि पनि आफ्नै गाउँठाउँमा रहेका खेतबारीहरूमा आधुनिक प्रणालीको कृषि उत्पादन गरी आयआर्जन गर्ने थिए । कृषि प्रणालीलाई व्यवसायमुखी बनाउने थिए । हावा पानी, माटो र उत्पादनको सम्भावनाअनुसार विभिन्न प्रकारका फलफूल उत्पादन, पुष्पखेती, जडिबुटी खेती, अलैंची, अदुवा, अम्रिसो, तरकारी खेती, रेसम खेती, च्याउ खेती, बाख्रापालन, कुखरापालन, माछा पालन, उन्नत जातका गाई, भैंसीपालन लगायतका क्षेत्रमा आधुनिक तरिकाले काम गरी आयआर्जन गर्ने थिए । अधुरो शिक्षाकै कारण शिक्षित जनशक्ति आफ्ना खेतबारीहरू बँझाएर खाडीमूलक, कोरिया तथा इजरायललगायत मुलुकहरूमा जान बाध्य भएका छन् ।

कस्तो विडम्बना ! मुलुकमा कृषिको उत्पादन र पशुपालन परम्परागत शैलीमा आधारित छ भन्ने आशयको सूचनात्मक विषयवस्तु पढाइन्छ । आधुनिक तरिकाले उत्पादन गर्न सकिने विधि पढाइँदैन । अमेरिका र युरोपका मुलुकहरूले प्राकृतिक स्रोत र साधनको उपयोग गर्नुका साथै

*बाँकी पेज ३ मा*

# रेबिजविरुद्धको सुई कस्तो अवस्थामा लगाउने ?

रेबिज भाइरसबाट लाग्ने रोग हो । यो मुख्यतया जनावरमा लाग्ने रोग हो तर यो संक्रमित जनावरबाट मानिसमा पनि सर्छ । यो भाइरस संक्रमित जनावरको न्यालमा रहन्छ र जब जनावरले मानिसलाई टोक्छ, भाइरस मानिसमा सर्छ । संक्रमित न्यालले कसैको आँखा, मुख वा खुला घाउबाट संक्रमण हुनसक्ने पनि सम्भावना हुन्छ ।

मानिसमा यो रोगका लक्षण केही महिनादेखि धेरै वर्षपछि देखिन्छन् । महिनामा रेबिजको प्रारम्भिक लक्षणमा परिणत हुन्छ । जस्तै- अल्छी लाग्ने, निद्रा लाग्ने वा चिडचिडापन आदि यी लक्षणहरू मानिसमा देखा परेमा उसलाई बाँच्न गाह्रो हुन्छ । रेबिज रोग लागिसकेपछि कुनै पनि उपचार हुँदैन । रेबिज रोग बहुला कुकुर वा अन्य बहुलाएको जनावरले टोकेमा लाग्छ । त्यसपछि परामर्शका लागि नजिकको अस्पताल वा स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार गराएमा भने रोगबाट बच्न सकिन्छ ।

## रेबिज रोगका मुख्य लक्षण

रेबिज रोगको लक्षण संक्रमित जनावरले टोकेपछि वा केही दिनमै देखा पर्न थाल्छ तर धेरैजसो अवस्थामा यो रोगको लक्षण देखिन धेरै दिनदेखि वर्षौंसम्म लाग्ने गर्छ । जनावरले टोक्दा त्यस ठाउँको मांसपेशीमा झन्झन् महसुस हुने अनुभूति हुन्छ । भाइरल रोग शरीरमा पुगेपछि स्नायुबाट भाइरस मस्तिष्कमा पुग्छ र निम्न लक्षणहरू देखिन थाल्छन् ।

- थकान महसुस हुनु
- टाउको दुख्नु
- ज्वरो आउनु
- रिस उठ्नु
- बेचैन हुनु
- अनौठो विचार आउनु
- कमजोरी र पक्षघात हुनु
- न्याल र आँसुको उत्पादन बढ्नु
- बोल्न अप्ठ्यारो हुनु
- अचानक आक्रमण गर्नु

यी लक्षण देखिएमा कुकुर बहुलाएको हुनसक्छ

- विना कारण झम्टिने
- धेरै मानिस र पशुलाई एकै पटक आक्रमण गर्ने
- चञ्चल हुने
- न्याल काढिरहने
- टाङमुनि पुच्छर राख्ने
- पानीदेखि डराउने

बहुला कुकुर वा अन्य जनावरले टोकेमा गर्नुपर्ने कुरा

- कुकुर वा जनावरले टोकेको घाउमा तुरून्त साबुन र पानीले राम्ररी धुने ।
- टोक्ने कुकुर वा जनावरको १० दिनसम्म गतिविधि हेर्ने ।
- टोक्ने कुकुर वा जनावर १० दिनसम्म जीवित रहेमा रेबिज नलाग्ने ।
- टोक्ने कुकुर वा शंकास्पद जनावरले टोकेको १० दिनभित्र रेबिजको लक्षण देखापरेमा वा जनावर मरेमा वा बेपत्ता भएमा वा चिन्न नसकिएमा रेबिज रोग विशेषज्ञको सल्लाह लिएर मात्र रेबिजविरूद्ध खोप लगाउने ।

कस्तो अवस्थामा रेबिजविरूद्ध सुई लगाउने ?

- टोक्ने कुकुर वा जनावरमा १० दिनभित्र रेबिजका लक्षणहरू देखिएमा
- टोक्ने कुकुर वा जनावर चिनिएन, १० दिनभित्र मर्‍यो, मारियो वा बेपत्ता भएमा
- लक्षणको आधारमा बहुला हो भन्ने यकिन भएको कुकुरले टोकेमा
- घाउ, चोटपटक लागेको भागमा बहुला जनावरको न्याल परेमा
- कुनै पनि जंगली जनावरले अकस्मात् आक्रमण गरेमा वा टोकेमा
- रेबिजको लक्षणयुक्त व्यक्तिले टोकेमा वा आँखामा नै पर्नेगरी थुकेमा
- रेबिज रोग बहुला कुकुर वा अन्य बहुलाएको जनावरले टोकेमा लाग्छ । रेबिज रोग लागिसकेपछि कुनै पनि उपचार हुँदैन ।

## रेबिजको उपचार

रेबिजको कुनै निश्चित उपचार छैन । यदि संक्रमित जनावरले टोकेको छ भने सकेसम्म चाँडो स्वास्थ्यकर्मीलाई सम्पर्क गर्नुहोस् ।

घाउलाई साबुन र पानीले राम्ररी सफा गर्नुहोस् । रेबिज निम्त्याउने भाइरसबाट बच्न विभिन्न खोप दिइनेछ । रेबिज रोग लागिसकेपछि बाँच्न गाह्रो हुन्छ । रेबिजपछि बिरामीको दुखाइ व्यवस्थापन र बाँचुन्जेल सजिलो बनाउने मात्र हो । घरपालुवा कुकुरलाई नियमित रूपमा खोप लगाउने, भुस्याहा कुकुरबाट बच्ने र सम्भव भए व्यवस्थापन गर्नुपर्छ । कुकुर, स्याल, चमेरो, बिरालोको टोकाइपछि रेबिजविरूद्धको खोप लगाउने, रेबिजको भाइरस हुने सम्भावित जनावरले टोकेपछि तत्काल साबुन पानीले घाउ सफा गर्ने, जतिसक्दो चाँडो अस्पताल पुर्‍याइ रेबिजविरूद्धको खोप लगाउनु उपयुक्त हुन्छ ।

कुकुरले टोकेपछि छिटो भ्याक्सिन लगाउँदा भाइरस धेरै फैलिन पाउँदैन । रेबिज रोगको खोप पत्ता लगाउने वैज्ञानिक लुइस पास्चरको जन्मजयन्ती पारेर विश्वभर सेप्टेम्बर २८ मा यो दिवस मनाउँदै आइएको छ । रेबिज रोग बहुला कुकुर वा अन्य बहुलाएको जनावरले टोकेमा लाग्छ । रेबिज रोग लागिसकेपछि कुनै पनि उपचार हुँदैन ।

# मुखको सरसफाइमा ध्यान नदिए दीर्घरोग

मुख स्वस्थ रहँदा सम्पूर्ण शरीरलाई नै स्वस्थ राख्न मद्दत पुग्छ । स्वास्थ्यका साथै आकर्षक हाँसोका लागि पनि मुख र दाँतको सरसफाइ गर्न जरूरी हुन्छ ।

ओरल हाइजिन अर्थात् मुखको सरसफाइमा ध्यान नदिंदा मुख गन्हाउने, गिजाबाट रगत बग्ने, दाँत हल्लिने, दाँत फुस्किने, दाँत मक्किनेजस्ता समस्या आउँछन् । यति मात्र होइन, मुखको सर सफाइमा लापरवाही गर्दा दीर्घरोगको समेत जोखिम हुन्छ ।

## श्वासप्रश्वासको समस्या

यदि कसैलाई गिजाको समस्या छ भने त्यसमा जम्मा भएको ब्याक्टेरिया रगतको माध्यमबाट फोक्सोमा गएर श्वासप्रश्वासमा पुग्छ । यसकारण एक्युट ब्रोंकाइटिस अर्थात् श्वासनली सुन्निने समस्या र क्रोनिक निमोनिया हुने सम्भावना बढी हुन्छ, जसले श्वासपश्वासमा बाधा पुर्‍याउँछ ।

## मुटुको समस्या र स्ट्रोक

दाँतको समस्या भएको बिरामीलाई मुटुको समस्या हुने सम्भावना अत्यधिक हुन्छ । किनभने मुखभित्र भएको ब्याक्टेरिया गिजा हुँदै शरीरभित्र प्रवेश गरेर मुटुको धमनी ब्लक भएर हृदयघात हुने सम्भावना बढी हुन्छ । त्यस्तै यदि दिमागमा रक्तप्रवाह गर्ने धमनी बन्द भएको अवस्थामा स्ट्रोक हुने सम्भावना बढछ ।

## डिमेन्सिया

मुखको सरसफाइमा ध्यान नदिंदा दाँत मक्किएर झर्ने, दाँत खुस्किने, झर्ने समस्या हुनसक्छ । यसकारण स्मरणशक्तिमा मात्र नभई दिमागको विभिन्न भागमा असर गर्न सक्छ ।

यसबाहेक मुखलाई सफा नगर्नाले पेटसम्बन्धी समस्या, फोक्सोको समस्या र मुखको क्यान्सर समेत हुने जोखिम हुन्छ ।

## मुखलाई कसरी सफा राख्ने ?

मुखलाई सफा राख्न बिहान उठ्नेबित्तिकै र बेलुका खाना खाइसकेपछि सुत्नुअघि दिनको दुईपटक दाँत माझ्नुपर्छ । तर दाँत माझेर मात्र हुँदैन । किनभने प्रायजसो हामी दाँतको तीन भाग मात्र ब्रस गर्ने चलन छ । तर यतिले मात्र पुग्दैन दाँतको पाँच भाग नै ब्रस सफा गर्नुपर्छ । दायाँ बायाँ, तल माथि र दाँतको बीचको भागमा ब्रसले सफा गर्नुपर्छ ।

दाँत माझ्दा ब्रस गिजाको ४५ डिग्रीमा हुनुपर्छ । ब्रसले दाँत र गिजा दुवैलाई छोएको हुनुपर्छ । दाँतको बाहिरी सतहमा अगाडि पछाडि, तल माथि लगेर ब्रस गर्नुपर्छ । ब्रसले हल्का रगड्नुपर्छ, किनकि यसरी ब्रस गर्दा गिजाबाट रगत आउन पाउँदैन । दाँत र गिजाको भित्री सतहमा पनि ब्रसलाई ४५ डिग्रीको राखेर अगाडि पछाडि र तल माथि गरेर माझ्नुपर्छ ।

जिब्रो र मुखको माथिल्लो भागलाई पनि सफा गर्नुपर्छ । त्यसले मुखमा जम्मा भएर बसेको ब्याक्टेरियालाई सफा गर्छ र मुख गन्हाउने समस्या आउँदैन । केही कारणले ब्रस गर्न सम्भव नभएको अवस्थामा सादा पानीले मुख कुल्ला गर्न गर्नुपर्छ ।

# अधुरो शिक्षा ...

कृषि र पशुपालन व्यवसायलाई वैज्ञानिक तरिकाले विकास गरेका छन् भन्ने विषयवस्तुहरू रटाइन्छ । नेपालमा भारत र चीनमा उत्पादन भएको खाद्यान्न तरकारी, फलफूल र माछा मासुको आयात हुन्छ भन्ने विषयवस्तु पाठ्यपुस्तकमा पढाएर कुन मुलुकबाट नेपालमा फलफूल र माछामासुको आयात गरिन्छ । लेख भन्ने आशयका प्रश्नहरूको उत्तरको खोजी गरिन्छ । र, प्रमाणपत्र थमाइन्छ ।

शिक्षा व्यावहारिक भएन, जीवन उपयोगी भएन, वैज्ञानिक भएन, गुणस्तरीय भएन भन्ने जस्ता विषयमा सरकार, शिक्षाविद्, गुरूजन, अभिभावकलगायतका क्षेत्रबाट बारम्बार आउने गरेको छ । तर, शिक्षालाई जीवन उपयोगी बनाउनका लागि यी छरिएका विचारलाई एक ठाउँमा ल्याएर छलफल, बहस, वैचारिक आदानप्रदान, ठोस मार्गचित्र बनाउने कार्य गर्न राज्यले कुनै पनि चासो दिएको छैन । न त अन्य शिक्षा क्षेत्रमा काम गर्ने निकायहरूले नै पहल गरेको देखिन्छ ।

अन्त्यमा बारम्बार नयाँ नेतृत्व शिक्षा मन्त्रालयमा जाने र आउने 'आयाराम गयाराम'हरूका कारण शिक्षा क्षेत्र लथालिंग भयो । शिक्षा क्षेत्रमा काम गर्ने व्युरोक्रेसीबाट डेलिभरी हुन सकेन । आदेश मान्ने प्रशासनतन्त्र र योग्यता क्षमताबिना नै शिक्षाको नेतृत्वमा पुग्नेहरूका कारण शिक्षा पिँधबिनाको लोटाजस्तो हुन पुग्यो । शिक्षालाई अहिलेको अवस्थाभन्दा अझै बढी नबिगार्ने हो भने अब राज्यले बट, किन्तु, परन्तु केही नभनी मुलुकमा भएको शैक्षिक थिंकट्यांकसँग सहकार्य गर्नुपर्छ । सम्बन्धित क्षेत्रका विज्ञहरूको विशेषज्ञतालाई शिक्षा क्षेत्रको उत्थानका लागि उपयोग गर्ने कार्ययोजना बनाउनुपर्छ । राजनीतिक आवरणबाट शिक्षा क्षेत्रलाई अलग्याउनुपर्छ । विज्ञताबिनाको प्रशासनिक आदेशका भरमा शिक्षाजस्तो प्राज्ञिक क्षेत्रलाई अनभिज्ञताको बन्दी बनाउनुहुँदैन, नबनाइयोस् !






# बागमती प्रदेश को वित्तीय प्रगती ४१ प्रतिशत

◆ विकास संवाददाता

चालु आर्थिक वर्ष (आव) २०८०/८१ सकिन दुई महिना बाँकी हुँदा बागमती प्रदेश सरकारको चालु आवका लागि विनियोजित बजेटको ४१ प्रतिशत मात्र खर्च भएको देखिएको छ । चालु आव सकिन तीन महिना बाँकी हुँदा विनियोजित बजेटको ३५ प्रतिशतभन्दा कम खर्च भएकोमा वैशाख महिना अन्य महिनाको तुलनामा वृद्धि भए पनि समष्टिगतरूपमा प्रदेश सरकारको खर्च अवस्था सन्तोषजनक छैन ।

बजेट कार्यान्वयनमा कमजोर रहँदै आएको प्रदेश सरकारले चालु आवको वैशाखसम्ममा कुल बजेटको ४१.२६ प्रतिशत अर्थात् २५ अर्ब ८७ करोड ६१ लाख १० हजार ८५३ रूपैयाँ खर्च गरेको छ । चालु आवका लागि चालुतर्फ २६ अर्ब ४२ करोड १२ लाख ४५ हजार, पुँजीगततर्फ ३५ अर्ब ७८ करोड ७८ लाख ३३ हजार र वित्तीय व्यवस्थातर्फ ५० करोड रूपैयाँ विनियोजन गरिएको थियो । गत वैशाखसम्ममा पुँजीगततर्फ ३८.३८ प्रतिशत अर्थात् १३ अर्ब ७३ करोड ४७ लाख ९७ हजार ४२३, चालुतर्फ ४५.९५ प्रतिशत अर्थात् १२ अर्ब १४ करोड १३ लाख १३ हजार ४३० रूपैयाँ खर्च भएको बागमती प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ ।

वित्तीय व्यवस्थातर्फ विनियोजन गरिएको बजेट खर्च हुन सकेको छैन । मन्त्रालयका सूचना अधिकारी अर्जुन अर्यालले वित्तीय व्यवस्थातर्फ विनियोजन गरिएको बजेट विगतका वर्षमा खर्च अनुसार उपलब्धि नदेखिएकोले चालु आवमा खर्च नगरिएको जानकारी दिए । हरेक आवमा आर्थिक वर्षको अन्तिम तीन महिनामा अघिल्ला महिनाको अवधिमा भन्दा बढी खर्च गर्ने क्रमले यस प्रदेशमा निरन्तरता पाउँदै आएको छ । उनले वैशाखसम्म बजेट कार्यान्वयनको चरणमा रहेकोले खर्च कम देखिएको बताउँदै जेठमा खर्च हुने, बिल भुक्तानी, बिल फर फारक लगायत काम हुने भएको खर्च बढ्ने बताए ।

भौतिक पूर्वाधार विकास मन्त्रालय र खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयको बहुवर्षीय योजना यसै आवमा सम्पन्न हुने र ती मन्त्रालयबाट बजेट माग भई आएकाले गत आवमा भन्दा खर्चमा चालु आवको प्रगतिमा वृद्धि हुने सूचना अधिकारी अर्यालको दाबी छ । मन्त्रालयका अनुसार गत साउनदेखि चैत मसान्तसम्ममा ३४.४२ प्रतिशत अर्थात् २१ अर्ब ५८ करोड ३४ लाख ६४ हजार ७४ रूपैयाँ खर्च भएको थियो । मन्त्रालयको गत वैशाख मसान्तसम्मको वार्षिक वित्तीय प्रगति विवरण अनुसार विनियोजित बजेटको चालुतर्फको तुलनामा पुँजीगततर्फको शीर्षकको बजेट कम प्रतिशत खर्च भएको छ ।

# थाहाका अधिकारीलाई ग्रामिण पत्रकारिता पुरस्कार

◆ विकास संवाददाता

शहीद कृष्ण सेन ईच्छुकको २२ औं स्मृति दिवसको अवसरमा १३ जेठमा हेटौंडामा अन्तरक्रिया तथा पत्रकारहरूलाई सम्मान र पुरस्कार वितरण गरिएको छ । प्रेस सेन्टर नेपाल मकवानपुरको आयोवजनामा भएको कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने पत्रकारहरूलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा अग्रज पत्रकारहरू महेन्द्र श्रेष्ठ, सम्झना कार्की, राममणि दाहाल, रामकुमार एलन, भानुभक्त आचार्य, कृष्णराम परियार, सुवर्णलाल श्रेष्ठ, कलमचन्द्र सुमन र मोहनमान साँगामीलाई माला र सम्मान पत्रले सम्मान गरिएको थियो । त्यसैगरी कार्यक्रममा रूद्रसेन स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार प्रताप बिष्टलाई, रूद्रसेन स्मृति पत्रकारिता पुरस्कार नवराज शर्मा तिमल्सिनालाई र कौशल पाण्डे जनपक्षीय राष्ट्रिय पत्रकारिता पुरस्कार महेश्वर दाहाललाई प्रदान गरिएको थियो । साथै, क्रियाशील पत्रकारिता पुरस्कारबाट राजन दाहाल, एमपी शर्मा, सुबाश बिडारी, सरला अधिकारी, बालकृष्ण दाहाल र प्रतिक्षा न्यौपानेलाई पुरस्कृत गरिएको थियो ।




त्यस्तै, ग्रामिण पत्रकारिता पुरस्कार शिवकुमार काशी, उमेश राई, शम्भु अधिकारी र विवेक सिन्तानलाई प्रदान गरिएको थियो । सुत्केरी प्रोत्साहन बापत जनही नगद पाँच हजार रूपैयाँ पत्रकारहरू रञ्जिता डंगोल, रूपा गुरूङ र मनिता दानीलाई प्रदान गरिएको थियो ।

प्रेस सेन्टर मकवानपुरकी अध्यक्ष अन्जली थापाको सभाध्यक्षतामा भएको कार्यक्रमको उदघाटन गर्दै मुख्यमन्त्री जम्कट्टेलले पत्रकारहरूमा आलोचनात्मक चेत हुनुपर्ने भन्दै खबरदारी र सचेत गराउँनुपर्नेमा जोड दिए । संचार क्षेत्र सम्बन्धि नीति, कानून, नियमावली र नियम प्रदेश सरकारले बनाएको भन्दै कार्यान्वयनमा देखिएका समस्या समाधान गर्दै कार्यान्वयन गरिने बताए । सो कार्यक्रममा बागमती प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री गंगानारायण श्रेष्ठ, भौतिक पूर्वाधार विकस मन्त्री युवराज दुलाल, सामाजिक विकास मन्त्री कुमारी मोक्तान, प्रेस सेन्टर नेपालका संस्थापक अध्यक्ष एवं केन्द्रीय ईन्चार्ज महेश्वर दाहालको विशेष आतिथ्य रहेको थियो ।

# हेटौंडाका ११ सहकारी संस्था तीन वर्षदेखि फेलै परेन

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरभित्र दर्ता रहेका ११ वटा सहकारीको अवस्था फेला पार्न सकिएको छैन । तीन वर्षदेखि खोजी गर्दा पनि ती सहकारीहरू पत्ता लाग्न नसकेको उपमहानगरको उद्योग, पर्यटन तथा सहकारी प्रवर्द्धन शाखाले जानकारी दिएको छ । शाखा प्रमुख हिमप्रसाद पौडेलकाअनुसार सम्पर्कविहीन ११ वटा सहकारीलाई सहकारी तथा गरिबी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) रेकर्डबाट हटाइएको छ ।

कोपोमिस प्रणालीमा सम्बन्धित सहकारीले आफ्नो मासिक तथा वार्षिक प्रतिवेदन, निवेदन दाखिला, आन्तरिक कार्य, आर्थिक प्रतिवेदन अद्यावधिक गर्ने व्यवस्था गरिएको छ । तत्कालीन डिभिजन सहकारी कार्यालय, मकवानपुरबाट जिम्मेवारी हस्तान्तरण भएर उपमहानगरमा आएका २२५ वटा सहकारीमध्ये ११ वटाले कोपोमिसमा कुनै विवरण प्रविष्ट नगरेको शाखा प्रमुख पौडेलले जनाए ।

डिभिजन सहकारीबाट हस्तान्तरण भएर आएको यातायात व्यवसायी उपभोक्ता सहकारी, पदमपोखरी घाँस बिउँ कार्यक्षेत्र कार्यक्रम, यातायात व्यावसायिक बहुउद्देश्यीय ऋण सहकारी, सुनौलो भविष्य, गणेशलक्ष्मी अगरबत्ती, जिल्ला जडिबुटी सहकारी, नारायणी बचत तथा ऋण सहकारी, मकवानपुर स्वास्थ्य सहकारी, जिल्ला दुग्ध उत्पादन सहकारी, नारीहित बहुउद्देश्यीय सहकारी र रोयल कोअपरेटिभ बहुउद्देश्यीय सहकारी बेपत्ता रहेको पौडेलले जानकारी दिए । अनुगमन गर्दा कार्यालय नभेटिएको, सहकारीको सञ्चालक बेखबर रहेको, वित्तीय विवरण फेला नपरेका कारण ११ वटा सहकारीलाई स्थानीय सहकारी ऐनलाई टेकेर खारेजीको प्रक्रियामा लैजान उपमहानगरले तयारी अगाडि बढाएको छ ।

यद्यपि सहकारी खारेज गर्न भने उपमहानगरलाई सहज छैन । सहकारीहरूको सम्पत्ति दायित्व, पुँजी स्रोत र सेयरको निर्क्यौल गरेपछि मात्रै खारेज गर्नुपर्ने कानुनी व्यवस्था छ । यातायात व्यवसायी उपभोक्ता, यातायात व्यवसायिक बहुउद्देश्यीय ऋण सहकारी, नारीहित बहुउद्देश्यीय सहकारी र रोयल कोअपरेटिभ बहुउद्देश्यीय सहकारीलाई नगर कार्यपालिकास्तरीय निर्णयबाट खारेजीको प्रक्रियामा लाने तयारी भइरहेको सहकारी शाखाले जनाएको छ । सहकारीका सञ्चालक र बचतकर्ताका लागि सम्पर्कमा आउन सूचना प्रकाशनको तयारी गरिएको शाखा प्रमुख पौडेलले बताए ।

मकवानपुर जिल्लाभर कार्यक्षेत्र रहेको पदमपोखरी घाँस बिउँ कार्यक्षेत्र कार्यक्रम, सुनौलो भविष्य, गणेशलक्ष्मी अगरबत्ती, जिल्ला जडिबुटी सहकारी, नारायणी बचत तथा ऋण सहकारी, मकवानपुर स्वास्थ्य सहकारी र जिल्ला दुग्ध उत्पादन सहकारीको हकमा प्रदेश सहकारी बोर्डमा आवश्यक कारबाहीका लागि १५ वैशाख २०८१ मा उपमहानगरपालिकाले सिफारिस गरेको छ । 'यी सहकारीहरूकहाँ छन्, सञ्चालक कहाँ छन् ? भनेर तीन वर्षदेखि खोज्यौं तर पत्ता लगाउन सकिएन । अब सञ्चालक र बचतकर्ताका लागि सूचना जारी गर्दैछौं । सम्पर्कमा आए ठिकै छ, नत्र प्रक्रियाअनुसार अगाडि बढ्छ,' पौडेलले भने । अभिलेख अनुसारको ठेगानामा जाँदा पनि सहकारी नभेटिएको उनको भनाइ छ ।

उपमहानगरमा भएका कुल सहकारी संख्यामध्ये ६० प्रतिशत सहकारी बचत तथा ऋण छन् । ३० प्रतिशत सहकारी कृषि क्षेत्रका छन् भने १० प्रतिशतमात्रै बहुउद्देश्यीय सहकारी छन् ।

थाहा नगरपालिकालाई नमुना बनाउन हातेमालो गरौं ।

- जन्म, मृत्यु, बिवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनासमयमै दर्ता गरौं ।
- खानेपानिका मुहान, संरचनाहरु सफा र सुरक्षित राखौं, आगलागि तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपमा सावधानी अपनाऔं ।
- नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका व्यापार व्यवसाय नगरपालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- बालश्रम, बालबिवाह रोकौं, निर्णायकमा बालबालिका सहभागीता थपौं ।
- बालवालिकाको पालपोशण र शिक्षामा लगानि गरौं ।
- समयमै कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- हरेक बालवालिकाले शिक्षा पाउनु उनिहरको नैसर्गिक अधिकार हो, त्यसैले बिद्यालय भर्ना गर्न उमेर पुगेका आफ्ना नानिबाबुहरुलाई समयमै विद्यालय पठाऔं ।
- नगरपालिकालाई बालमैत्रि बनाउने अभियानमा सहभागी बनौं ।
- छोराछोरीमा भेदभाव नगरौं, सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- घरेलु हिंसा विरुद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौं ।
- नियमित रुपमा लगाउनुपर्ने खोपहरु स्वास्थ्यसस्थामा बच्चालाई लिई समयमै खोप लगाई बाल मृत्यूदर घटाऔं ।
- आ-आफ्नो घर वरिपरि आफै सफा सुग्घर गरौं । स्वच्छ र शान्त वातावरण कायम गरौं ।
- प्रत्येक घरधुरि, संघसस्था, सार्वजनिक स्थानहरुमा चर्पि निर्माण गरी चर्पीमा मात्र दिसापिसाव गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN&FLEX PRINT&PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340

हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको व्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड

9855068340/9802068340

# लायन्स क्लव अफ थाहा पिसको अध्यक्षमा सत्यदेवी



◆ विकास संवाददाता

लायन्स क्लव अफ थाहा पिसको वर्ष २०२४/०२५ को अध्यक्षमा सत्यदेवी स्याङ्तान निर्विरोध निर्वाचित भएकी छिन् । ११ जेठमा भएको क्लवको ८ औं वार्षिक साधारणसभाले प्रथम उपाध्यक्षमा अनित विष्ट र द्वितीय उपाध्यक्षमा निरज रायमाझीलाई निर्विरोध निर्वाचित भएको निर्वाचन अधिकृत जयराम खत्रीले जानकारी दिए ।

वर्ष २०२३/०२४ का अध्यक्ष गीता कार्कीको अध्यक्षतामा भएको सभामा नवनिर्वाचित अध्यक्ष स्याङ्तानले मन्तव्य दिदै सचिवमा दिपक लामा र कोषाध्यक्षमा रचना बस्नेतलाई मनोनित गरेकी छिन् । साधारणसभाको अवसरमा क्लवले मधुमेह रोग उपचार केन्द्र स्थापना गर्न अन्तर्राष्ट्रिय लायन्समा पहल गर्ने प्रस्ताव पारित भएको छ । सभाको अवसरमा प्रमुख अतिथि क्लवमा सल्लाहकार तथा लायन्स क्लव अफ धादिङ पिस खानीखोलाका पूर्व अध्यक्ष एवम् थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीले लायन्स क्लवले थाहानगरमा पुऱ्याएको योगदानको प्रसंशा गरे ।

सभामा संस्थापक अध्यक्ष सुरेन्द्रमान प्रधानले आउँदो वर्ष मधुमेह रोग उपचार केन्द्र स्थापना गर्न र अवस्था कमजोर रहेका विद्यालयहरू लक्षित कार्यक्रम गर्न सुझाव दिए । सभामा पूर्व अध्यक्षहरू विक्रम केसी, उद्धव विडारीलगायतको आतिथ्यता थियो ।

# सिमभन्ज्याङमा बुद्धको मुर्ति स्थापना

◆ विकास संवाददाता



मकवानपुर जिल्लाकै सबैभन्दा अग्लो स्थान सिमभन्ज्याङमा समाजसेवी सिद्धिलाल श्रेष्ठ र बविता श्रेष्ठ दम्पतीले बुद्धको मूर्ति स्थापना गरेका छन् । २५६८ औं बुद्ध जयन्तीको अवसर पारेर थाहा नगरपालिकाका नगर प्रमुख विष्णु बहादुर विष्टले १० जेठमा मुर्तिको अनावरण गरेका छन् ।

थाहा नगरपालिका-४ सिमभन्ज्याङमा हेटौंडा उपमहानगरपालिका वडा नम्बर ११ निवासी श्रेष्ठ दम्पत्तीले साढे १८ फिट उचाईको बद्धको मूर्ति स्थापना गरेका हुन् । पर्यटकीय क्षेत्र सिमभन्ज्याङको सानो समथर थुम्कोमा बुद्धको मुर्ति स्थापना गरिएको छ । मुर्तिको अनावरण गर्दै नगर प्रमुख विष्टले पर्यटकीय क्षेत्रमा बुद्धको मूर्ति स्थापना गरेर आन्तरिक एवं वाह्य पर्यटकहरूलाई आकर्षित गर्न योगदान पुऱ्याएकोमा श्रेष्ठ दम्पत्तीप्रति आभार व्यक्त गरे । स्थापना गरिएको बुद्धको मूर्तिको संरक्षणको जिम्मा स्थानीयवासी र पालिकाले लिनेसमेत नगर प्रमुख विष्टले प्रतिवद्धता व्यक्त गरेका थिए ।

त्रिभुवन राजपथको सडक छेउको थुम्कोमा निर्माण गरिएको वृद्धको मूर्तिले खास गरी वौद्धमार्गीहरूलाई सिमभन्ज्याङ क्षेत्रमा आकर्षण गर्ने थाहा नगरपालिका ३ नम्बर वडाध्यक्ष हिरेन्द्र कुमार रायमाझीले प्रतिक्रिया दिए । करूणाभूमि सामुदायिक वनका अध्यक्ष बिनोद लामाले भने-'बुद्धको मूर्ति यस क्षेत्रमा स्थापना गरिएको छैन, यो नै पहिलो हो यसले पर्यटकलाई आकर्षण गर्न मद्दत गर्छ ।' नजिकैको पर्वतीय ताल, ऋषेश्वर र स्थानीय पदमार्गलाई पर्यटकीय दृष्टिकोणले जोड्न सहयोग हुने लामाको विश्वास छ ।

श्रेष्ठ दम्पतीले करिब १५ लाखको लागतमा उक्त मूर्ति निर्माण गरेर स्थापना गरेका हुन् । बुद्धको मूर्तिको अनावरण र प्राण प्रतिस्थापनपश्चात स्थानीयबासी मूर्तिमा पुजाआज गर्न भीड लागेका थिए । मकवानपुरगढी-७ का हर्करत्न भुलुनले ६ महिना लगाएर उक्त बुद्धको मूर्ति बनाएका हुन् । सिमभन्ज्याङमा स्थापना गरिएको बुद्धको मुर्ति परिसरलाई बुद्ध पाकर्ककै रूपमा संरक्षण र प्रवर्द्धन गर्नका लागि अमित पाख्रिनको अध्यक्षतामा समिति गठन गरिएको छ । समितिको उपाध्यक्ष सोमलाल गोले, कोषाध्यक्ष शान्ति सिन्तान, सचिव विन्द्र बहादुर पाख्रिन, सदस्य प्रेम भोम्नजन, अन्जली लो र सन्तोषी भुजेल रहेका छन् । समितिको सल्लाहकारमा सीतार ाम सिन्तान र इन्द्र बहादुर पाख्रिन र हेका छन् । समिति बुद्धको मुर्ति स्थापनाका लागि निर्माण स्थल व्यवस्थापन, गिट्टी, ढुङ्गा र बालुवा सहयोग गरेको अध्यक्ष पाख्रिनले जानकारी दिए ।

श्रेष्ठ दम्पतीले हेटौंडा उपमहानगर पालिका-११ राप्ती पुल नजिकै बुद्धको मूर्ति स्थापना गरेर आकर्षक बुद्ध पार्क निर्माण गरेका छन् ।

# मकवानपुरका चिकित्सक संगठित

◆ विकास संवाददाता

बालरोगसम्बन्धी बरिष्ठ विशेषज्ञ डा. हरिबहादर खड्कोको संयोजकत्वमा नेपाल चिकित्सक संघ मकवानपुर जिल्ला कार्यसमिति चयन गरिएको छ ।

डा. खड्काको नेतत्वमा रहेको समितिमा बरिष्ठउपाध्यक्ष डा. रामचन्द्र सापकोटा, उपाध्यक्ष प्रमोदकुमार चौरसिया, सचिव डा. राजु सेढाईँ चयन भएका छन् । संघको कोषाध्यक्षमा डा. सुभाषकुमार बनैता, सहसचिवमा डा. मा. आरिफ करिम चयन भएका छन् ।

त्यस्तै सदस्यहरूमा डा. सुयोग्य वाग्ले, डा. सुनिल साह, डा. प्रसान्त बिडारी, डा. आसुतोषकुमार दास, डा. अमरदीप मण्डल, डा. घनश्यामप्रताप साह चयन भएका छन् । ११ जेठमा हेटौंडामा भएको चिकित्सकहरूको बृहत भेलाले तदर्थ समिति गठन गरेको हो ।

थाहा नगरपालिकाको अनुरोध !

• जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाईँसराइँ जस्ता व्यक्तिगत घटनाहरु समयमै दर्ता गरी आफ्नो कानूनी अधिकार स्थापित गर्नु प्रत्यक नागरिकहरुको अधिकार हो ।
• समयमै कर तिर्नु नागरिकहरुको दायित्व मात्रै हैन सम्मान पाउने अवसर पनि हो ।
• पेशा व्यवसाय दर्ता गरी नियमित कर तिर्ने बानी बसालौं ।
• बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं ।
• उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो, त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।
• जाति, भाषा, धर्म र लिंगको आधारमा कसैलाई भेदभाव नगरौं, मानव सभ्यताको पहिचान दिऔं ।
• पशु चौपायालाई खुला र छाडा नछोडौं । सडकपेटी र बाटो अवरुद्ध हुने गरी निर्माण सामग्री नराखौं ।
• जथाभावी सडकपेटीमा फोहोर नफालौं । सम्भावित जरिवानाबाट बचौं ।
• सडेगलेका वस्तु बिक्री वितरण र प्रयोग नगरौं ।
• घरपालुवा कुकुरलाई बाटोमा दिसापिसाब नगरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

ढल जन्य फोहोर ब्यबस्थापन सम्बन्धि अत्यन्त जरुरी सूचना ।

थाहा नगरको बजार क्षेत्रहरुमा घरहरुबाट निस्कने शौचालय जन्य ढललाई खुल्ला रुपमा छोडिने गरेको तथा कहिं कतै बर्षाको समयमा नाली वा कुलोमा खोल्ने गरेको जनगुनासो आएकोले, त्यस्तो नगर्न जानकारी गराईन्छ । नगरका बजार तथा विभिन्न स्थानका घर धनिहरुलाइ समयमै सेफटि ट्याङ्की बनाई शौचालय जन्य ढललाई व्यवस्थापन गर्न गराउन समेत जानकारी गराइन्छ ।

साथै थाहा नगरपालिकाले सेफटि टयाङ्की ब्यबस्थापनको लागि टयाङ्की सेवा सुरु गरेकाले सम्पर्क गर्नु हुन समेत अनुरोध गरिन्छ ।

टयाङ्कर सेवाको लागि सम्पर्क :-
९७६७५७०९००, ९७०४१२५७५७,९८४५४६४००३

थाहा नगरपालिका
ईन्द्रायणिचौर मकवानपुर ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

## ३ विधामा ५ जनालाई .... .. .. . .

पुजारी टीकालाल कर्माचार्य पनि विभुषित भएका छन् । परम्परागत संस्कृति संरक्षणमा योगदान पुऱ्याए वापत उनलाई सम्मान गरिएको हो ।

वि.सं. २०७१ साल वैशाख २५ गते साविक दामन, पालुङ, आग्रा, टिष्टुङ, बज्रबराही र चित्लाङलाई समेटेर सर कारले थाहा नगरपालिका घोषणा गरेको थियो । वि.सं.२०७१ जेठ ९ गते नगरपालिकाको कार्यालय स्थापना गरेर काम थालनी गरिएको थियो ।

स्व. रूपचन्द्र विष्ट (थाहा)को योगदानलाई चिरस्थायी बनाउन भन्दै थाहा नगरपालिका नामाकरण गरिएको हो । 'थाहा' भनेर चिनिने स्व. विष्ट साविकको दामन गाविस–२ का हुन् । ९ हजार ७४९ घरधुरी रहेको थाहा नगरपालिकामा १२ वटा वडा रहेको छ । वि.सं. २०७८ को जनगणना अनुसार नगर पालिकामा ३८ हजार ८ सय ७० जनसंख्या रहेको छ ।

यसअघि नगरपालिकाको स्थापना दिवसको उद्घाटन कार्यक्रम ९ जेठ विहान थाहा–४ क्याम्पाडाँडामा गरिएको थियो । पाँचौं उपप्रमुख ब्याडमिन्टन प्रतियोगिता र स्थापना दिवस समारोहको संयुक्त उद्घाटन गरिएको हो। कार्यक्रममा नगर प्रमुख विष्णु बहादुर विष्ट, उपप्रमुख भरत गोपाली, प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, नेकपा एमाले थाहानगर अध्यक्ष सुरेन्द्रमान प्रधान, नेकपा माओवादी केन्द्र थाहाका अध्यक्ष बिनोद लामा, राष्ट्रिय स्वतन्त्र पार्टीका थाहानगर सभापति जयराम खत्री, राप्रपा थाहाका अध्यक्ष कुलमान तामाङ, वडाध्यक्षहरू, लगायत विभिन्न संघसंस्थाका प्रमुख एवं प्रतिनीधिहरूको उपस्थिती रहेको थियो ।

त्यस्तै स्थापना दिवसकै अवसरमा ९ जेठ अपरान्ह इन्द्रायणी चौर खेल मैदानमा नगर प्रमुख–११ र प्रमुख प्रशासकीय–११ टिमबीच मैत्रीपूर्ण फुटबल प्रतियोगिता भएको छ । प्रतियोगितामा प्रमुख प्रशासकीय–११ टिमले शुन्यका विरूद्ध ४ गोले गरेको थियो । नगर प्रमुख ११ टिममा नगरका राजनीतिक दल प्रमुख तथा जनप्रतिनीधिहरू र प्रमुख प्रशासकीय–११ टिममा नगरपालिका र अन्तर्गतका वडा कार्यालयका कर्मचारीहरूले खेलेका थिए ।

# थाहा गोल्डकपः ऋषेश्वर ११ सेमिफाइनलमा प्रवेश

◆ विकास संवाददाता

पाँचौं थाहा गोल्डकप फुटबल प्रतियोगिता अन्तर्गत १३ जेठमा भएको खेलमा ऋषेश्वर ११ सेमिफाइनलमा प्रवेश गरेको छ । थाहानगरको इन्द्रायणी चौर मा भैरहेको खेलमा भिमफेदी फुटबल क्लबलाई १–० गोल अन्तरले पराजित गर्दै ऋषेश्वर ११ सेमि फाइनलमा प्रवेश गरेको हो ।

१४ जेठमा कुर्दन एकेडेमी चन्द्रागिरी र चित्लाङ खेलकुद बिकास समिती तथा सकृय युवा क्लब थाहा ४ र ऋषेश्वर ११ बिच खेल हुने आयोजकले जनाएको छ ।

थाहा नगरपालिकाको खेल मैदान इन्द्रायणी चौरमा सञ्चालन हुने प्रतियोगितामा नौं वटा टिमले सहभागिता जनाएका थिए । थाहा नगरपालिकाको आयोजना तथा शिखर क्लबको व्यवस्थापनमा प्रतियोगिता भैरहेको हो । प्रतियोगिताको बिजेताले पुरस्कार नगद २ लाख र उपबिजेताले नगद १ लाख रूपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् ।


## चट्याङबाट बच्ने उपाय

– बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
– विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
– विद्युतीय उपकरण बन्द गरौं,
– घर तथा भवनमा अर्थिङ्गलगायतका सुरक्षात्मक उपाय अपनाऔं,
– बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
– सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बसौं,
– सकभर अग्लो स्थानमा नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## रेबिजबारे जानकारी



रेबिज, कुकुर तथा अन्य जंगली जनावरहरुको टोकाईबाट मानिसमा सर्ने प्राणघातक रोग हो ।

कुकुरले टोकेको स्थानमा तुरुन्तै साबुनपानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धोऔं ।

सबै उमेरका कुकुरले टोकेपछि तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरी स्वास्थ्यकमीको सल्लाह बमोजिम रेबिज विरुद्धको खोप लगाऔं ।

याद राखौं, रेबिज रोग लागेपछि उपचार हुँदैन, तर समयमै रेबिज विरुद्धको खोप लगाउन सकेमा बच्न सकिन्छ ।

थाहा नगरपालिका
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

## बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४

| | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १७३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा–४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी